# चन्द्रकोट गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
शान्तिपुर, गुल्मी

## आगलागी नियन्त्रण सचेतनाका लागि गाउँपालिकाको अनुरोध !!!

गर्मी तथा सुख्खा मौसमको सुरुवाती सँगै वन जंगल तथा मानव वस्तीमा आगलागीको सम्भावना बढी हुने गरेको र आगलागी भएमा वन्यजन्तु तथा वन्यजन्तुको वासस्थान नासिने, मानव स्वास्थ्यमा प्रत्यक्ष असर पुग्ने, जनधनको क्षति हुने, ऐतिहासिक एवं धार्मिक संरचनामा क्षति पुग्न सक्ने र वन सम्पदामा ह्रास आउने हुँदा आगलागी तथा डढेलो लाग्न नदिन तपसिल बमोजिमका सुरक्षा सतर्कता अपनाउनुहुन सम्पूर्ण पालिकाबासी आम नागरिकहरुमा हार्दिक अनुरोध गर्दछौं।

**तपसिल :**

१. मानव वस्ती तथा वन जंगल रहेको खुल्ला ठाउँमा आगो नबालौं।

२. चुरोट, विडी सेवन नगरौं, सेवन गरेमा आगो सहितको ठुटा निभाएर मात्र फाल्ने गरौं।

३. सलाई, लाईटर जस्ता आगो बाल्न प्रयोग हुने वस्तुहरु बालबालिकाको पहुँचबाट टाढा र सुरक्षित राखौं।

४. पेट्रोल, डिजेल, खाना पकाउने ग्यास, मट्टितेल जस्ता प्रज्वलनशील पदार्थहरु सुरक्षित स्थानमा राखौं र सावधानी पूर्वक प्रयोग गरौं।

५. वन भोज लगायतका कार्यक्रम गर्दा आवश्यक सतर्कता अपनाऔं।

६. वनमा भएका पात पतिङ्गर तथा सोत्तर सफा गरी अग्नी रेखा निर्माण गरौं।

७. खेतवारीमा काँडा लगायत अन्य बस्तुहरु पोल्ने नाउँमा जथाभावि आगो नलगाउँ यदि आगो बाल्नै परे विहान वा वेलुकाको समयमा हावा हुरी नलागेको अवस्थामा मात्र बालौं र काम नसकुञ्जेल आगो लगाएको स्थान नछडौं र निभाउँदा पानी हालेर राम्रोसँग निभाएर मात्र छाडौं।

८. पानीका मुहान, पोखरी, दह तथा ताल को सुरक्षा गरौं, आकस्मिक उपयोगको लागि आफ्नो घरमा पानी जम्मा गरेर राखे गरौं।

९. आगो निभाउदा पानी, माटो र स्याउलाको प्रयोग गरौं।

१०. आफ्नो घर, गोठ वरपर रहेका आगो लाग्न सक्ने वस्तुहरु आजैबाट हटाऔं।

११. नजिकको वन क्षेत्रमा आगलागी भएमा आफ्नो जिउ ज्यानमा खतरा नहुने गरी आगो निभाउन सहयोग गरी आफ्नो कर्तव्य निभाऔं।

१२. आगलागी भइहालेमा नजिकैको वडा कार्यालय, स्थानीय सुरक्षा निकाय, चन्द्रकोट गाउँपालिका (वन, वातावरण तथा विपद व्यवस्थापन शाखा) वा नजिकको प्रहरी चौकीमा तुरुन्त जानकारी गराऔं।

पुनश्चः वनमा आगो लगाउनु अपराध हो, कसैले व्यक्तिगत मनासाय राखी आगो लगाएको पाइएमा वन ऐन, २०७६ को दफा ४९ को खण्ड (घ) अन्तर्गत कसुर गर्ने व्यक्तिलाई ३ वर्षको कैद वा ६० हजार जरिवाना वा दुबै सजाय हुने व्यहोरा समेत जानकारी गराउँछौं।

*सम्पर्कका लागिः गाउँपालिकाको टोल फ्रि नम्बरः १६६००७९५२३३३ वा ९८४८५२०३३७ वा ९८६७७११६८५ वा ईलाका प्रहरी कार्यालय चन्द्रकोट ९८५७०६७००४ वा प्रहरी चौकी मजुवा ९८५७०६७१०९ मा सम्पर्क गर्नुहुन अनुरोध छ।*

**"वन जंगल तपाई हामी सबैको साझा सम्पति हो, त्यसैले गाउँ टोलमा आगलागी तथा वन डढेलोको रोकथामबारे कुरा गरौं, विपद्‌बाट बचौं र बचाऔं।"**

**अनुरोधकः**
चन्द्रकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय शान्तिपुर गुल्मी।